# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७८/०३/१४

**आठौं अधिवेशन**

**(उन्नाइसौं बैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको उन्नाइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

भौतिक पूर्वाधार विकास मन्त्रालयबाट विशेष समय माग भई आएकोले भौतिक पूर्वाधार विकास मन्त्री माननीय दीर्घ बहादुर सोडारीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १९९ को उपनियम १ बमोजिम विशेष समय प्रदान गर्दछु ।

माननीय सभामुख महोदय आगामी आर्थिक बर्ष २०७८।०७९ को बजेट सम्बन्धमा प्रदेश सभामा लामो छलफल भयो छलफल मा हाम्रो मन्त्रालयमा धेरै बिषयमा छलफलमा ऊठेका बिषयहरु जिज्ञासा हरु सुझावहरुका बारेमा जवाफ दिनका निम्ति हामीले सभामुख ज्युलाइ समय माग गरेका छौ र सभामुख ज्युले हामीलाइ समय उपलब्ध गराउनु भएको छ सभामूख ज्युलाइ हार्दिक धनयबाद दिन चाहान्छु । माननीय सभामुख महोदय र आम सुदुरपश्चिम बासिहरुलाइ थाहा छ हामीले बजेट निर्माण को पुर्व सन्ध्यामा खास गरी हाम्रो सरकार माथि सरकार पनर्गठन गर्न पर्ने अवस्था मुख्यमन्त्रे चाहानु भयो त्यसपछि पुर्गठन र बिश्वासको मत लिनु पर्ने कारणले जसरी बजेट निर्माणमा यथेष्ठ समय लिएर छलफल बहस गरेर योजना मिलाउनु पर्ने थियो त्यो चाहि समयको अभाच समयको चाप र हाम्रो संवैधानिक बाध्यता असार १ गते बजेट ल्याउनु पर्ने बाध्यता २ वटै कारणले धेरै माननीय ज्युहरुले हाम्रो बजेटमा छलफलमा सहभागि हुन भो र हाम्रो मन्त्रालयलाइ केहि माननीय ज्युहरुले सुझाव पनि दिनु भाछ केहि माननीय हरुले टिप्पणी पनि गर्नु भाछ सबै माननीय हरुलाइ म हार्दिक धन्यबाद दिन चाहान्छु र सुझाव टिप्पणी र राम्रो गर्नाका लागि उहाले गरेका टिप्पणीलाइ हार्दिक आभार ब्यक्त गर्न चाहान्छु र उहाहरुले गरेका टिप्पणणीलाइ लियका छौ र त्यो कारणले जसरी बजेट फ्याट्ट आउनु पर्थ्यो त्यो कसै साथिहरुले कनिका छरेको भन्नु भाछ कसैले केके भन्नु भा छ किनभने त्यो आर्थिक बर्षका हिसाबले चौथो बजेट र उसरी तिन महिनाको हिसाबले ५ औ बजेट भएको कारणले हामीले परीषदमा स्वाभावत तह थियो र धेरै साथिहरुका सम्बोधन ग्रनु पर्ने भएको कारणले त्यो अलि कति उहाहरुले टिप्पणी गरे अनुसारको नै भन्नु पर्छ यो लाइ हामीले सकारात्मक ढङ्गले सुझाव लिदैं केहि सुझाबलाइ मध्यनजर गरेर हामीले बजेट निर्माण गर्नुपर्ने समयको चटाबले गर्न बाध्य भएका छौ र त्यो सुझाबको आधारले बजेट लाइ कस्तो

बनाउने आगामी आर्थिक बर्षमा खासगरी पुर्वाधार भन्नाले आगामी बर्षमा हाम्रो मुख्यमन्त्री केहि दिन मन्त्री हुनु भयो र पठान जि अली लामो समय मन्त्री हुनुभयो त्यो हिसाबले सुदुरपश्चिम क्षेत्रमा निर्माण गर्न पर्ने सुदुरपश्चिम प्रदेशले केहि पनि गर्न सकेन भन्ने कुराको जवाफमा हाम्रो मन्त्रालयले दिएको कुरा सवै माननीय ज्युहरुलाइ थाहा छ त्यसो भएको कारणले मेरो धेरै टिप्पणी पनि छैन सुझाव पनि छ तपाइहरुले आगामी बर्षको बजेटको सन्दर्भमा यस सदनमा माननीय सभामुख प्रदेश बाट बिभीन्न प्रश्न चासो राखु भएको छ यसको बिषयमा म आर्थिक बर्ष को क्रममा सरकार मैले त्यो भनिहाले 079/2078 करीब हामी ८बजेट % करीब करीब %39बजेट हाम्रो मन्त्रालयले बिनियोजन गरेको छ र प्रत्येक मुद्दाको बाबजुत पनि पुर्बाधार हो भन्ने पनि सवै तिर भएको कारणले बजेट स्वाभावत भौतिक पुर्बाधार : मन्त्रालयमा छ त्योभएकोकारणले त्यलाइ कसरी कार्यान्वयन गर्ने पाटोमा हामी ईमान्दारीका साथ लाग्ने छौ खासगरी प्रदेश गौरवका आयोजनाहरु संघिय सरकार र प्रदेश सरकारका समपर्क बजेटका आयोजना हरु र क्रमागत बजेटका आयोजना हरु र सम्पुर्ण आयोजनाहरु नयाँ आयोजनामा त साथिहरुले टिप्पणी गरेझै १० लाखका छन समेटेर खास गरेर हाम्रो सरकार प्रदेश सभालाइ बिश्वासमा २०-लिएर हामीले ति आयोजनाहरुलाइ हुने कसरी पुरा गर्ने कसरी अलिकति देखिने काम गर्ने भन्ने चुनौति छ भन्ने हाम्रो कसरी काम गर्ने भन्ने खास गरेर हाम्रो मुख्य मन्त्री ज्यु आर्थिक मामीला मन्त्री ज्यु र अरु मन्त्री ज्युहरु सँग सल्लाह गरेर कसरी अगाडि बढ्न सकिन्छ मुलक काम गर्ने भन्ने कुरामा हामी सरोकार राखेकै छौ त्यसमा सभामूख ज्यु र प्रदेश सभाले हामीलाइ साथ दिने छँ भन्ने बिश्वास लागेको छ र केहि अलिकति टिप्पणी पनि आयको छ केहि माननीय कुरा हरुले कुरा उठाउनु भएको छ बिबदित कुराहरु छन कहाँबाट आए बिचौलियाबाट आए के बाट आए भन्ने पनि टिप्पणी रहेको छ त्यसतो चाहि आयोजनाहरु म सभामुख मार्फत प्रदेश सभआलाइ आग्रह गर्छु यदि त्यसै भएको हो भने त्यसतो आयोजनालाइ अलिकति कम रुपिया राख्न दिने अलिकति खास गरी परीणाम दिने आयोजनालाइ कार्यान्वयन गर्न दिने अधिकार पनि प्रदेश सरकारले देवस भन्ने मेरो अनुरोध छ र त्यसपछि गयर अरु समग्र नागरीकहरुको सेवा प्रबाहको लागि सबै ढङ्गलेहाम्रो मन्त्रालय मार्फत परीणाम मुखि काम गर्नाका लागि मैले अघि पनि भने थोरै कर्मचारीहरु छन करीब ४०जति कर्मचा %रीहरु हामीसँह हो र हिजो दिनमा रे आज पनि त्यहि हो अवस्था देखिन्छ परीणाम पनि गरेको छ । गत आर्थिक बर्षको र अहिले रनिङ्ग को धेरै योजनाहरु बहुबर्षे ठेक्का लगाउने भन्दा भन्दै केहि पनि नभयको देखिन्छ अब आगामी आर्थिक बर्षमा या यो आर्थिक बर्षको आज १६ गते भयो अब १४ दिन भित्र पनि हामी प्राथना गर्छौ बहुबर्षे आयोजनाका निम्ति र कानुनी ढङ्गले र सवै प्रदेश सभाको साथ सहयोग रहने गरी देखिने गरेर परीणाम निकाल्नका निम्त तत्पर रहने छौ र त्यसका लागि प्रदेश सभा माननीय ज्यु हरुले जसले प्रश्न उठाउनु भएको छ करीब जना माननीय हरुले प्रश्न उठाउनु 21भएको छ र टिप्पणी गर्नु भएको छ उहाँहरु सबैलाइ म धन्यबाद दिन चाहान्छु र भौतिक पुर्बाधार मन्त्रालयले परीणाम मुखि काम गर्ने छ भण्ने बिश्वास छ त्यसका निम्ति सभामुख मार्फत म सबै प्रदेश सभालाइ बिश्वस्त गराउन चाहान्छु जसरी यकैपटक बजेटको योजना आउदा धेरै परीणाम देखिने अब सुदुरपश्चिम प्रदेश सरकार केहि गर्न सकेन

क्या हो भन्ने जस्तो निराशा पुर्ण अभिब्यक्ति हरु आयका छन तिनलाइ सकारात्मक का साथ परीणाम मुखी निकाल्ने कुरा तपाइहरुका सामुमा परीणाम मुखि राख्ने प्रतिबद्धता ब्यक्त गर्दै बिदा हुन्छ धन्यबाद नमस्कार ।

**माननीय सदस्यहरू,**

उद्योग वन तथा वातावरण मन्त्रालयबाट ,पर्यटन ,विशेष समय माग भई आएकोले उद्योगवन ,पर्यटन , म प्रदेशको प्रदेश सभा नियमावलीतथा वातावरण मन्त्री माननीय मान बहादुर धामीलाई सुदूरपश्चि, २०७४ को नियम बमोजिम विशेष समय प्रदान गर्दछु । (1) को उपनियम 199

माननीय सभामुख महोदय, आको बजेटको छलफल को अन्तिम चरणमा छ 079/२०७८ ब.ौ र सबै भन्दा पहिले हाम्रो मन्त्रालय उद्योग बाणीज्य बन तथा बातावरण मन्त्रालयको बिनियोजन बजेट माथि दफावार छलफल गरेर समिक्षा टिप्पणी सुझाव प्रदान गर्ने सम्पुर्ण माननीय हरुलाइ माननीय सभामुख मार्फत बिशेस धन्यबाद ब्यक्त गर्न चाहान्छु । र आभार प्रटक गर्न चाहान्छु माननीय सभामुख महोदय , माननीय सभामुख महोदय को अनुमतिले मैले आफ्ना धारणा हरु राख्ने अनुमति चाहान्छु सबै भन्दा पहिले सुदुरपश्चिम प्रदेश सरकारको उद्योग बन तथा पर्यटन वातावरण मन्त्रालयको कार्यप्रगतिको बारेमा म यहाँ आफ्ना धारणा राख्ने अनुमति चाहान्छुँ खास गेरर सुदुरपश्चिम प्रदेश सरकारको र मेरो मातहतको मन्त्रालय अन्तर्गत ४ वटासेक्टर छन बनजलाधार माननीय सभामुख -बाताबरण उद्योग पर्यटन र भू , राख्ने अनुमति चाहान्छु उद्योग तथा वाणिज्य महोदय सबैभन्दा पहिले म उद्योग सम्बन्धि प्रसङ्ग हरु यहा तर्फ करीब २२ करोड बजेट बिनियोजित भएको थियो उद्यमीहरुलाइ सिर्जना गर्ने तालिम प्राप्त उद्यमीहरुलाइ बिउ पुजिको रुपमा उपलब्ध गराउने कच्चापदार्थ को उपलब्धताको आधारमा हरेक जिल्लामा बिशिष्ट उदयोग को स्थापना गर्ने बिधि हस्तान्तरण गर्ने जस्ता कार्यक्रमको बजेरट बिनोयोजन गरीयको छ माननीय सभामुख महोदय खास गरेर यो प्रदेश भित्र अहिले सम्म उद्योगहरुको किसिम हेर्ने हो भने हामी सँग दर्ता भएका मझौला र ठुला उद्योग मा १०७ वटा उद्योगहरु हाम्रो मन्त्रालयमा दर्ता भएका छन उत्पादन मुलक मा वटा दर्ता ६ उद्योगहरु दर्ता भएका छन उर्जा मुलुक उद्योगमा 4976 भएका छन कृषि तथा बनमा आधारीत उद्योगमा उद्योगहरु दर्ता भएको प्रकृया छ र पर्यटनमा 8650 र सेवा मु 8634लुक उद्योगमा र निर्माण उद् 11170योगमा 234 गरेर जम्मा प्रदेशमा उद्योगहरु 26967 छ माननीय सभामुख महोदय म यो ग दर्ताको प्रकृयामारीमामय सदनलाइ जानकारी गराउन चाहान्छु । माननीय सभामुख महोदय अब म यो मन्त्रालय अन्तर्गत बिनियोजित भएको बजेटको सेरोफेरोमा झण्डै जना माननीय हरुले मेरो मन्त्रालय अन्तर्गतको बिनियोजित 21-20भएको बजेटमा टिप्पणि गर्नु भएको छ म पुन उहाहरुलाइ बिशेस धन्यबाद दिन चाहन्छु खास गरेर हाम्रो प्रदेश को प्रदेश सरकारको बिस्तारको प्रकृया र हाम्रो संवैधानिक जटिलताको विचबाट समयको अभावको बिच बाट मैले आफ्नो मन्त्रालय समालेको झण्डै डेढ हप्ता भित्र बजेट बनाउनु पर्ने मेरो कानुनी बाध्यता र जटिलताको बिचबाट मैले यो बजेट बिनियोजित गरेको हो माननीय सभामुख महोदय १४ गते हामीले सपथ ग्रहण गरेपछि हामीले मन्त्रालय समालि सकेपछि बिभीन्न आन्तरीक ति कार्याभार सम्हाल्ने समय सम्म १९ गते

भैसकेको थियो र २३ गते राति ९ बजे हाम्रो अर्थ तथा योजना मन्त्रालयले हाम्रो योजना तथा डकुमेन्ट हरु कलोज ग्रन पर्ने अवस्थामा हाम्रा योजना बनाउनु पर्ने अवस्था र यो ३दिनको अवस्थामा मैले ४- मेरो क्षमता र पुर्ब मन्त्रीले गरेको त्यहाको सम्पुर्ण सहयोगको कारणले मैलै यो बजेट यहा सम्म ल्याउन महोदय स्वाभाविक रुपमा सकेको कुर मैले यहा सदनलाइ जानकारी गराउन चाहान्छु माननीय सभामुख केहि बिषय बस्तुहरु उठेका छन र खास गरी बजेट बिनियोजन को सम्बन्धमा र केहि बिगतका कार्यहरुको सन्दर्भमा माननीय सदस्यहरुले उठाएका गम्भिर प्रश्न हरु प्रति मेरो मन्त्रालय को गम्भिर ध्यानाकर्षण भएको छ र मध्यनजर गर्दै कैलाली र कञ्चनपुरमा भएको बन फडानी लाइ लिएर मैले कार्यबाहक सम्हाल्ने बित्रिकै एउटा समिति बनाएर हामीले बढाइ राखेका छौ र खासगरेर जैविक मार्ग भनेर कञ्चनपुरमा भएको बन फडानी त्यसतै कैलालीको गोदावरी क्षेत्र कैलालीको भजनी र अर्को क्षेत्रमा भएको बन फडानीलाइ हामीले गम्भिरताका साथ लिएर छानबिन समिति बनाएर हामीले निवेदन आउने तयारीमा छ र यो गरीमामय सदनलाइ जानकारी गराउन चाहान्छु र यसमा समग्र रुपमा खास गरेर कैलाली र कञ्चनपुरमा यो बिचको पिरीएडमा १२१ वटा मद्दाहरु दर्ता भएका छन बन सम्बन्धि मात्रै र त्यसै सम्बन्धि सबभन्दा बढि कैलाली र कञ्चनपुरमा १०१ वटा मुद्दा थिय र घन फिट काठ चाहि 8000 बरामत गरीयको कुरा म लयो सम्मानित गरीमामय सदनलाइ माननीय सभामुख महोदय मार्फत जानकारी गराउन चाहान्छु । खासगरी कञ्चनपुरको भिमद्त्त नगरपालिकाको मा भएको बन फडानीको सन्दर्भमा प्रदेश मार्फत यस बिषयमा छानबिन भैरहेको कुरा पनि म जानकरी गराउन चाहान्छु । त्यसपछि हाम्रो एक पालिका एक उद्योग भन्ने हाम्रो निरन्तरता पाएका कार्यक्रमहरु हुन चालु आर्थिक बर्ष लाख को दरले १० वटै स्थानीय तहमा चालु लघु उद्योग को लागि ८८ मा प्रदेशका 078/2077 पनि हामीले अगाडि बढाएका हौं । अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको थियो त्यो अनुसार उद््योग बाणीज्य तथा बन मन्त्रालयबाट 51 वटै स्थानीय तहमा माग गर्न आएको केहि मुल्याङ्कन 88 वटा स्थानीय तह अन्तर्गत मान्यता प्राप्त उद्योग प्राप्त भएर हाल सञ्चालनमारहेको कुरा म अवगत गराउन चाहान्छु । माननीय सभामुख महोदय तर स्थानीय तह अन्तर्गतका मान्यता प्राप्तको वटा 27 क्ुरा हुदा स्थानीय तह हरु छनोट पनि भै सकेका छन माननीय सभामुख महोदय आगामी वर्षको बजेट कार्यान्वयन को सन्दर्भमा र खास गरेर पर्यटन हरु तर्फ मन्दिरमा छुट्याको बजेट हरुको बारेमा यो गरीमामय सदनमा बहुत गम्भिर ढङ्गले प्रश्न हरु उठेका छन । माननीय सभामुख महोदय म निवेदन गर्न चाहान्छु सम्मानीत सदनलाइ आग्रह गर्न चाहान्छु खास गरेर सुदुरपश्चिम प्रदेश सरकार र मेरो मन्त्रालय अन्तर्गतको सुदुरपश्चिम प्रदेशलाइ ३ वटा गन्तव्यको क्षेत्रको रुपमा हामीले लिएका थियौ र त्यहि मध्ये धार्मिक पर्यटनको क्षेत्रको पनि सुदुरपश्चिम एउटा महत्वपुर्ण अङ्ग हो त्यसकारणले मन्दिरहरुको सन्दर्भमा माननीय सदस्यहरुले उठायको कुराहरुमा म सम्बन्धित सदनलाइ ध्यानाकर्षण गर्न चाहान्छु । माननीय सभामुख महोदय खास गरेर सुदुरपश्चिमको परम्परा संस्कृति र धार्मिक परम्पराको हुदाहुदै पनि मन्दिर हरुको सन्दर्भमा जो माननीय हरुले कुरा उठाउनु भएको छ त्यो हिसाबमा मैले बिगतको भन्दा मन्दिरमा बजेट घटाउन पर्छ भन्ने तर्क मैले राखेकै हो माननीय सभामुख महोदय किन भने बिगतमा

बजेट बिनियोजन हुदाखेरीको बजेटको रसियो र अहिलेको हाम्रो मन्त्रालय अन्तर्गत बिनियोजन भएको बजेटको झण्डै %35ह्रास भएको कुरा म सम्मानीत सदनलाइ अवगत गराउन चाहान्छु त्यसैको बिच बाट प्रेसरको बिचबाट मैले बजेट बिनियोजन गर्दा खेरी जनताको बिचबाट सम्बोधन गर्न पर्ने र केहि निरन्तरताका कार्यक्रमहरु बिगत देखि चालु भएका हुदाखेरी ति आयोजनाहरुमा बजेट छुट्याउन पर्ने आवश्यकता रहेको थियो त्यस कारणले सम्मानित सदनलाइ अवगत गराउन चाहान्छु केहि माननीय हरुहले बिगतको अबशेस हरु बिगतको अवस्था सँग जोडेर यहाँ आफ्ना धारणाहरु राखु भएको थियो म अनुरोध गर्न चाहन्छु बिगतमा जसरी अहिलेको धार्मिक पर्यटनको क्षेत्र छ र बिगतमा र अहिलेको संविधान त धेरै फरक छ म अनुरोध गर्न चाहान्छु हाम्रो संविधानले अहिले धर्म निरपेक्षताको वकालत गर्दछ । हामीले बिगतमा पनि खास गरेर मैले जहिले पनि बिगतमा धर्म निरपक्षताको पक्षधर भएर लडें धर्मको नाममा बिरीद्ध गर्ने प्रबृतिको हामीले जहिले पनि गर्यौ र अहिले त्यो संविधानमा अधिकार पायौ । त्यो दलित समुदाय पछाडि पेरेको समुदाय भुमिका पाएको छ त्यो हाम्रो उपलब्धिको कुरा हो र त्यो हाम्रो केहि माननीय ज्युहरुले त्यो बिषयमा अलिकति बङ्गयाएर बिगतमा मन्दिर हरु तोडियो र अहिले मन्दिरमा नै बजेट बिनियोजन भयो भन्ने कुरा राखु भयो त्यो अहिले संबिधानमा अहिले माननिय हरुलाइ हेर्न आवश्यक छ म उहाहरुलाइ निवेदन गर्न चाहान्छु हामी धर्म निरपेक्षता को राष्ट्रमा छौ कि न कि हामी धर्म सापेक्ष राष्ट्रमा छौ त्यसकारणले म यो धर्म निरपेक्षमा झण्डै झण्डै बिगतको चालु अवस्थाको ४० %१० मात्रै हो भने मैले यस पालि %मात्रै मन्दिरमा बिनियोजन भएको छ त्यो भनेको न्युनतम बजेटको बिचबाट त्यो बिनियोजन गर्दा खेरी केहि समस्याहरु निरन्तरता दिनुपर्ने कुराहरुमा यो बजेट बिनियोजन गर्नु पर्ने भएको कुरा चाहि म यो सदनलाइ अवगत गराउन चाहान्छु । माननीय सभामुख महोदय अन्तमा आगामी आर्थिक बर्षमा कार्यान्वयन गर्ने कुराहरु जुन रहेका छन हामी माननीय सभामुख महोदय मार्फत यो सदनलाइ दिने निर्देशन र मेरो मन्त्रालयलाइ दिने आदेश को पालना गर्ने कुरामा म प्रतिबद्ध छु र जहासम्म केहि योजनाहरु बिनियोजन गर्न पर्ने बजेट झ्याल बाट झर्न पर्ने बिभिन्न माध्यम बाट गएको भन्ने कुरामा मेरो मन्त्रालयको गम्भिर ध्यानाकार्षण भएको छ माननीय ज्यहरुका सुझाबलाइ मैले गम्भिर रुपमा लिएको छु र सम्पुर्ण माननीयहरुलाइ उहाहरुको सुझाव र सल्लाहको आधारमा कार्यान्वयनको प्रकृयामा कसरी जाने भण्ने कुरामा म गम्भिर लाग्ने र आगामी वर्षको बजेटको कार्यान्वयनमा पनि यो महिना भित्रै मैले बार्षिक कार्य योजना कार्य विधि मन्त्रालयले गर्दै छ झण्डै झण्डै अन्तिम अवस्थामा छौ र साउनको १ गते बा नै बजेट कार्यान्वयन गर्ने क्रममा मन्त्रालय गम्भिर ढङ्गले लागिरहेको छ र अन्तमा माननीय सभामुख महोदय हजुरले जसरी मलाइ आफ्नो बिशेस समय उपलब्ध गराउनु भयो म सभामुख महोदय लाइ र सम्मानीत सदनलाइ सम्मान गर्दै आफ्नो भनाइ यहि टुङ्गयाउछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब म, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (३) बमोजिम आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) र सो सँग

सम्बन्धित "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" र "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरूको उत्तर दिन आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई समय दिन्छु ।

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष २०७७/०७८ को आगामी आर्थिक बर्ष २०७९/०८० को बार्षिक बजेट तथा छलफल को कार्यक्रममा माननीय हरुले उठाउनु भएका प्रश्नको स्पष्ट पार्न म अनुमति चाहान्छु सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियत बाट यो सदन समक्ष पेश गरेको आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम मुलत बजेट तथा योजना छनोट प्राथमिकत योजना छनोट, बजेट बिनियोजन एकरुपता बजेट कार्यान्वयन प्रदेश सभा सचिबालय कर्मचारी को भत्ता आयोजना बैंक जस्ता बिषमा केन्द्रित भएर माननीय हरुले जिज्ञासा राखु भएको छ माननीय सभामुख महोदय यिनै बिषयमा केन्द्रित भएर म थप स्पस्ट पार्ने अनुमति चाहान्छु ।

**बजेको आकारको सम्बन्धमा**

२२ अर्बको बजेट आउने भनेता पनि २० अर्बको बजेट आउने भन्ने सम्बन्धमा जिज्ञासा उठेको छ यस सम्बन्धमा स्पस्ट पार्न चाहान्छु बजेको आकार कत्रो रहने भन्ने यस बर्षको बजेट कार्यान्वयनको अवस्था प्रदेश सरकारको आन्तरीक आय केन्द्र सरकारबाट आउने अनुदान तथा आगामी बर्षको कार्य योजनामा पर्सतुत भएका कार्यक्रमहरु र नयाँ माग भएका आउने योजनाहरुले निर्धारीत गर्दछ बजेटको आकार अत्यन्त संवेदनशिल भएको हुदा वास्तबिक बिश्लेषण नगरी निर्धारण गरीदैन अर्थ मन्त्रालयको बोर फंसक्नको रुपमा रहेको समष्टिगत बिश्लेषण नै अर्थ मन्त्रालयको कोर फंक्सन बजेटको आकार बढि ल्याउने र स्रोत सिमित  गर्न सकिएन भने बित्तिय अराजकता आउछ कम ल्यायो भने माग पुरा गर्न सकिदैन त्यसकारणले यि दुबै कुराको पुरा गर्न बजेट २० अर्व कायम गरीयको कुरा निवेदन गर्न चाहन्छु । नीति तथा कार्यक्रम बजेट बक्तव्यमा आयका सवै कार्यक्रमलाइ बित्तिय शुनिश्चितता तर्फ हामीले ब्याप्त ध्यान दिएका छौ । प्रदेश सरकारको तर्फवाट स्रोतको ८०% खर्च हुने बिगत बर्षको पद्धति र यस बर्षको अवस्था हेर्दा करीब ७०% खर्च हुन सक्ने अवस्थका कारणले यसको आधारमा बजेटको आकार बढ्न गयको कुरा निबेदन गर्न चाहान्छु बजेट स्लिपको आधारमा प्रस्तावको स्रोत अनिमान र संसधित अवस्था अनुसार बजेटको आकार फरक पर्छ भन्ने कुरा म माननीय सभामुख महोदय मार्फत सम्पुर्ण माननीय ज्युहरुलाइ निवेदन गर्न चाहान्छु ।

**आयोजना हरुको बोहोरो पना र ठेगाना फरक परेको सन्दर्भमा**

माननीय सदष्यहरुबाट गहन सुझाव र गम्भिर ध्यानाकर्षण भएको छ । माननीय सभामुख महोदय बार्षिक बिकास छपाई कार्यक्रममा परेका आयोजनाहरु रकम फरक परेका आयोजनाहरु र ठेगाना फरक परेका आयोजना हरुमा हामी तत्कालै सच्याउछौ । मार्ग दर्शन पठाउदा यि बिषयलाइ सम्बोधन गरी पठाउने प्रतिबद्धता गर्न चाहन्छु ।

कोभिड १९ रोकथामको बिषयमा बजेट छुट्याउने बिषयमा अलि कम भयो कि भन्ने बिषयमा पनि यहा ध्यानाकर्षण भएको छ माननीय सदसष्यहरु बाट पनि गम्भिर सुझाब आयको छ संघ सरकारले सवै नागरीकको खोप सुरक्षित गरेको खोप खरीदको लागि मात्र करीब २७ अर्ब बजेट निनियोजन गरेको कुरा हामी सबैलाइ थाहा छ । हामी प्रदेश सरकारले ब्यवस्थापकिय गर्नु पर्ने अवस्थाको कारणले खोप खरीदमा बजेट बिनोयोजन नभएको हो अहिलेको बजेट स्वास्थ्य पुर्बाधार र गुस्तरीय स्वास्थ्य उल्लेखनिय बजेट करीब करीब १ अरब बजेट बिनियोजन गरेको बिषय माननीय ज्युहरुलाइ अवगत नै छ ।

मन्दिर हरुमा बिनियोजन भएको भन्ने यहा प्रश्न आयको छ क्षेत्रगत निर्णय बाट कार्यक्रमको अवस्थामा मन्त्रालयले रोक्नु पर्ने वा हटाउनु पर्ने कुनै कारण छैन निस्कने छैन अहिलेको बजेट ले देश र सुदुरपश्चिमको प्रजा नारालाइ प्राथमिकताका साथ उठान गरेको छ मन्दिरमा बिगतको तुलनामा कम बजेट परेको छ तसर्थ यसलाइ त्यति अन्यथा रुपमा नलिन म हार्दिक आग्रह गर्न चाहान्छु ।

स्वास्थ्य कर्मी हरुको प्रोत्साहन ताको सन्द्रभमा यहा सुझाव आयको छ कोभिड १९ जस्तो महामारीको बिरुद्धमा अग्र पंक्तिमा रहेर काम गर्ने स्वास्थ्य कर्मीहरुको लागि पर्याप्त बजेट आयको माननीय सदष्यहरुलाइ अरोध गर्न चाहान्छु ।

नयाऊ आयोजनाहरु बढि भयो भन्ने यहाँ प्रश्न उठेको छ यसमा हामी अत्यन्त चिन्तित छौ आगामी बर्ष आउने नीति तथा योजना आयोगले आयोजना बैंकको कार्य योजना गर्ने कार्यक्रम रहेकोछ आयोजना बैंकको अबधारणाको पुर्ण कार्योजना सँगै नयाऊ आयोजना भन्दा पुराना आयोजनले स्थान पाउने कुरामा बिश्वास ब्यक्त गर्न चाहान्छु ।

योजना बाँडफाँडमा बिभेद भयो भन्ने प्रश्न आवश्यकता औचित्यता समेत हरी पछाडि पारीएको क्षेत्रहरुलाइ जिल्लाहरुलाइ प्राथमिकताका साथ यस बर्ष बजेट बिनियोजन भएको छ जिल्लागत अवसरको आधारमा बिश्लेषण गर्ने हो बने बिभेद भएको स्थानमा पुगेको तथ्यले देखायो ।

उद्यमी व्यवसायलाइ बिभिन्न किसिमका कार्यक्रम आएनन् भन्ने सुझाव आएको छ माननीय सभामुख महोदय यो सम्भवत प्रथम बजेट हो जसले अर्थतन्त्रको महत्वपुर्ण योगदान जनताको विचमा रहेको महत्वुपर्ण कुरा उठान गरेको छ । लगानी सन्दर्भमा ९ वटै जिल्लामा रहेको कोसेलि र राहतको बिषयमा पर्याप्त बजेटको बिनियोजन गरेको छ व्यवस्था गरेको छ ।

साना बिकासका योजनाहरुले प्राथमिकता पाय भन्ने बिषयमा कुरा आयको छ ढिलो गरी बित्तिय आयोगको गठन भयो बित्तिय आयोगले आयोजनाको बैंकको स्थापना गर्ने र सोको आधारमा मात्र बजेट बिनियोजन गर्ने प्रणाली कडाईका साथ लागु नगर्दा सम्म सो प्रश्नको जवाफ यकिन रहन्छ बिगत बर्षहरुको ट्रेडमा सुधार ल्याउन आयोजना छनौट मापदण्ड २०७६ को रहि आयोजना प्रस्ताव गर्न आयोजना मामीला मन्त्रालयले लियको अडानले केहि सुधार भएको छ । ठुला गौरवका आयोजनाहरुमा स्रोतको अभाव हुन नदिन हामी अत्यन्त संवेदनशिल रहेका छौ आगामी आर्थिक बर्षमा आयोजना बैंकको स्थापना गरेर मात्र योजना गर्ने तर्फ म सबै माननीय ज्युरुलाइ अनुरोध गर्न चाहान्छु ।

बजेट असन्तुलनको सन्द्रभमा आगामी बर्षको बजेटमा सम्पुर्ण बिकासलाइ जोड दिदै स्वास्थ्य र शिक्षाको सन्दर्भमा राम्रो बिकास हुने छ । क्षेत्र गत बिकासमा पुर्ण तथा योजना कार्यान्वयन लाइ आर्थिक मामीला तथा कुनै पनि फेरबदल नगरेको बरु मन्त्रालय बाट बजेट सेलेक्ट भन्दा वढि आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गरेको भए पनि सलाइ योजना मामिला मन्त्रालयले स्विकार गर्यो बजेट सिलिङ्ग बढाइ पठाएको कुरा समेत यस सदन समक्ष जानकारी गराउन चाहान्छु ।

नीजि तथा सामुदायिक क्षेत्रबाट सञ्चालित उद्योगहरुलाइ अनुदान को सन्दर्भमा पनि यहा गम्भिरता पुर्बक ध्यानाकर्षण भएको छ प्रश्न उठेको छ माननीय सभामुख महोदय प्रदेश भित्र रहेका अहिले सम्म ठुलो क्षेत्रको शित भण्डार मल कारखाना सञ्चलान प्रदेश भित्रका किसानहरुले खेति लगाउने समयमा प्राङ्गारीक मल रासायनिक मलको अभाव झेल्न परेको तथा किसानहरुबाट उत्पादि त खाद्यान्न लाइ उचित भण्डारण गरनको लागि शित भण्डारणको व्यवस्थापन नभएकोकारणले किसानले दुख बोकेकोकुरा अवगत रहेको छ यलाइ सम्बोधन गर्न समाधान गर्नका लागि यश प्रदेश भित्र नीजि तथा सामुदायिक क्षेत्रबाट लगानी भई सञ्चालन हुन नसकेका , वा सञ्चालन भैरहेका वा रोग्न अवस्थामा पुगेका ठुला क्षमताका शित भण्डार तथा प्राङ्गारीक तथा रासायनिक मल भण्डारण हरुलाइ कानुन बमोजिम पुँजिगत रकम उपलब्ध गराई सञ्चालनमा ल्याउन प्रदेश प्रोत्साहन व्यवस्था गरीयको हो । खास गरेर यो जुन कोल्ड स्टोरको कुरा रहेको छ यो ४ हजार मेट्रिक टन क्षमताको रहेको छ यो नेपालकै ठुला कोल्ड स्टोरको दाजोमा आउछ यो जुन कोल्ड स्टोरको हामीले सहयोग गर्ने अनुदान दिने भनेका छौ यो ४ हजार मेट्रिक टन क्षमताको छ यसमा किसानको मात्र लगानी रहेको कुरा म निवेदन गर्न चाहान्छु । २००० जना किसान शेयर सदष्य हुनुहुन्छ यसमा २० हजार किसानलाइ शेयर सदस्य बनाउने लक्ष राखियको हो माननीय सभामुख महोदय सम्बन्धित निर्वाचन क्षेत्रका माननीय ज्यु हरुले डम्मर बहादुर साउद समेतको माग र सुझावको आधारमा प्रदेशको एउटा गौरवको योजना कोल्ड स्टोर बनोस भन्ने हेतुले उक्त कोल्ड स्टोरलाइ पुजिगत अनुदानदिन प्रस्ताव गरीयको हो । यो कुरा म निवेदन गर्न चाहान्छु त्यसै गरी माननीय महेश दत्त जोशी ज्युले स्वयम गयर शिलन्यास गर्नु भएको करीब १२ हजार मेट्रिक टन बार्षिक मल उत्पादन गर्न सकिने प्रदेशकै होइन देशके रासायनिक मल कारखाना जब हाम्रो प्रदेशले निर्माण गर्दै छ भने सञ्चलान गर्दै छ भने हामीले प्रदेश सरकारले ठुला उद्योगमा लगानी चाहे ठुला क्षेत्रका होस चाहे सामुदायिक क्षेत्रका हुन सहकारी क्षेत्रका हुन हामीले प्रोत्साहन गर्नु पर्छ भन्ने कुनै पनि मेरो नीजि दिमागको नभएर यलाइ माननीय ज्युहरुकै सुझाब माननीय ज्युहरुकै मागका आधारमा गरीएको कुरा म यहा निवेदन गर्न चाहे ।

बिचौलिया राखेर बजेट निर्माण गरीयो भन्ने कुरा प्रश्न छ बिचौलिया प्रभावित बजेट आयो भन्ने बिषयमा मेरो गम्भिर असहमति रहेको छ स प्रमाण प्राप्त भएमा त्यसता कार्यक्रमहरु स्थगन गर्ने रोक्का गर्ने रोक्कानै गर्न परे पनि म तयार छु माननीय सभामुख महोदय बजेट तर्जुमा बिनियोजन कायम भएको छ बजेटले आगामि दिनको मार्ग चित्र तयार पारीयको छ बजेटले को कार्यान्वयन बिशेस जोड दियको छ सर्बपक्षिय

अनुगमन बाट लेखा जोखा गर्ने र आवश्यक नीजिगत संरचनागत र आवश्यक सुधार बजेट ले तयार गरेको छ । बजेट कार्यान्वयन मार्गदर्शन बाट धेरै कुराहरु सम्बोधन हुन्छन भन्ने बिश्वास लिएको छु ।
प्रदेश सभा सचिवालय कर्मचारीको भत्ता सम्बन्धमा पनि यहा माननीय सभामुख बाट सुझाव आयको छ । माननीय सभामुख महोदय प्रदेश सभा सञ्चालन भएको दिन प्रदेश सभाका कर्मचारीलाई दिन पर्ने खाजा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउने छु ।
यश ऐन वा प्रचलित कानुन मा जे जति कुरा लेखेको भएतापनि अन्य सम्बन्धमा माननीय सदष्यहरुको ध्यानाकर्षण भएको छ खास गरेर बिनियोजन विधेएक ऐनको बिधेएक को दफा ५ को उपदफा १३ मा यस सम्बन्धि व्यवस्था गरेको छ यश संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहको बजेट कार्यक्रम कार्यान्वयन गर्ने निकाय हरु छन तर स्थानिय तहको बजेट कार्यान्वयनमा भएको पुजिगत तर्फको पनि योजना तथा कार्यक्रम स्थानीय तहको कार्यालय मार्फत गर्न आवश्यक कार्यक्रम ठानेमा सम्वन्धित स्थानिय सरकारले प्रदेश सरकारको मन्त्रालयको सिफारीसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्विकृति लियर त्यस्तो आयोजनामा निर्णय गर्न सक्ने छ भन्ने व्यवस्था रहेको छ त्यसतै प्रदेस सरकारको बजेट कार्यक्रम समापन सन्दर्भमा भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै आयोजना मार्फत सञ्चालन गर्न परेमा आर्थिक मामिला मन्त्रालयको स्विकृति लिएर नेपाल सरकारको सम्बन्धित बिषयगत मन्त्रालय रे नेपाल सरकार र अर्थ मन्त्रालयको स्विकृतिमा यस्तो कार्यक्रम कार्यान्वन गर्न सकिने छ भन्ने व्यवस्थआ रहेकोछ उक्त प्रावधान हरु संघिय बिनियोजन ऐनमा पनि उल्लेख छन । र यसै प्रदेशको बिगत वर्षमा पनि उल्लेंख भएका हुन माननीय सभामुख महोदय त्यसैले यो यति वेला नयाँ भाषा र शब्दावलि प्रयोग गरीएका होइनन् बिनियोजन अध्यादेश २०७४ जुन आर्थिक बर्षमा २०७८/०७९ को सेवा र कार्यान्वयनमा सञ्चय कोष वाट केहि रकम थप र बिनियोजन ग्रने कुरामा व्यवस्था गर्न बनेको अध्यादेश जुन संघिय सरकारले ल्याको छ यसको यसमा पनि यो अध्यादेश बाट र सम्बन्धित प्रचलित कानुन मा बनेको जे लेखियको भएतापनि प्रदेश तथा स्थानिय तहको बजेट तथा कार्यक्रममा समावेश भएको बजेट तथा पुजिंगत तर्फको निवेदन वा कार्यक्रम प्रदेश तथा स्थानीय तहको नेपाल सरकार सँग सम्बन्धित कार्यालयु मार्फत सञ्चालन हुन आवश्यकता ठानेमा नेपाल सरकार मन्त्रालय र नेपाल सरकार अर्थ मन्त्रालय को स्विकृति त्यसतो योजनामा नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यन्वयन गर्ने निर्णय गर्न सक्ने छ भन्ने संघिय बिनियोजन अध्यादेशमा रहेको कुरा म निवेदन गर्न चाहान्छु । माननीय सभामुख महोदय बिशेस परीस्थिको लागि स्पष्ट तोकियको कार्यक्रमको हकमा मात्र लागु हुने गरी ब्यवस्था गरीयको हो यस्तो अवस्थामा अघिल्लो दफालाइ पछिल्लो दफाले सुपरीसिद गर्ने कानुनको सर्बमान्य सिद्धान्त छ
कार्यान्वयन प्रतिको आशंका माननीय सदष्यहरु बाट यहा प्रकट भएको छ बजेट कार्यान्वयन हुन्छ कि हुदैन कार्यान्वयन क्षमता को सुदृढिकरण हुन्छ कि हुदैन माननीय मुख्य मन्त्रीको नेतृत्वमा र हेको संयत्र सुधार हुन्छ कि हुदैन प्रदेशको अर्थमन्त्रीको नेतृत्वमा आयको बजेट कार्यान्वयन समिति रहेको छ यो प्रभावकरी ढङ्गले बिचारीत हुन्छ कि हुदैन यो कुरालाइ ध्यानमा राखेर माननीय सदष्यहरुले गहन

सुझाब दिनु भएको छ यसका सन्दर्भमा म निबेदन गर्न चाहान्छु बजेटको कार्यान्वयनमा बर्ष बिशेस प्रदान गरीयको छ ।सर्बपक्षीय अनुगमन थर्ड पार्टि भेरीफिकेसन संसदिय समितिहरुलाइ गतिशिल बनाउने बिषय र माननीय मुख्य मन्त्रीको अध्यक्षतामा र आर्थिक मामिला योजना मन्त्रीको अध्यक्षतामा समस्या समाधान समिति बजेट कार्यान्वयन समिति बजेट निर्देशिका जस्ता बिभिन्न द्रुत मार्फत बजेट बिनियोजनलाइ प्राथिमकता दिने कुरा म सम्मानीय सदन सामु ब्यक्त गर्न चाहान्छु । अन्तमा ब्यापक छलफल अन्तरक्रिया मुलक बजेट तर्जुमा लाइ सर्ब समावेसि र सबैको समनित्व गर्न समयको अभाव र असह्योको कारणले अपेक्षाकृत बजेट हुन सकेन होला ढिलो गरी आयको नीति र कार्यक्रम मन्त्रालयमा फेरीयको नीति र प्रशासनिक तथा राजनीतिक नेतृत्व जारी लकडाउन जस्ता कठिन का बाबजुत पनि समयमा नै बजेट जारी भएको छ यो बाध्यात्मक तथा चुनौतिपर्ण अवस्थालाइ माननीय सदस्य ज्युहरुले बुझ्नु भएको छ । बजेट तर्जमा गरेर मात्र हामी सुन्दर सुदरपश्चिमको लक्ष्यमा पुग्न सक्दैनौ हाम्रो सबैको काधमा आयको जिम्मेवारी र मस्तिस्कमा रहेको समझदारीको बिकास गर्दै आफ्नो आफ्नो क्षेत्रमा आफ्नो जिम्मेवारी पुरा गरेर मात्रै बजेटको कार्यान्वयन सिलता बढ्दछ प्रदेश सरकार प्रदेश बिकासको एक मात्र न्ययिक हुन सक्दैन यति कुरालाप ध्यान दिएर प्रदेश गौरवका क्या रेक्टरहरु बिचको शसक्तिकरण सबलिकरण विचको आदर्शात्मक सहितको बिकासलाइ बजेटले जोड दियको छ स्वास्थ्य क्षेत्र को बिकास पुर्वाधार क्षेत्रको बिकास कृषि पर्यटन बन उद्योद वातावरण जस्ता क्षेत्रको बिकास बिस्तार आधुनिकरण ठुला योजना मार्फत कनेक्टिभिटिको बिस्तार युवा महिला जस्ता सुरक्षित आयआर्जन तथा रोजगारी सिर्जनाका कार्यक्रम संरक्षण का कार्यक्रमहरुलाइ आगामी आर्थिक बर्षको बजेटले मुल प्रा थमिकतामा राखेको छ प्रस्तुत बजेटको सन्दर्भमा माननीय हरुले उठाउनु भएका सवालहरु हाम्रा लागि महत्वपुर्ण मार्ग दर्शनको रुपमा रहने छन बजेट कार्यान्वयनको सन्दर्भमा यि बिषयलाइ पर्याप्त र यथेष्|ठ सम्बोधन गरीनेर बिश्वास म माननीय सभामुख महोदय ज्यु मार्फत सदनलाइ दिलाउन चाहान्छु । अन्तमा बजेट केन्द्रित बिषयहरु उठान गरीदिनु भएकोमा सवै माननीय ज्युहरुलाइ धन्यबाद दिन चाहन्छु , धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब ,सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष र व्ययको वार्षिक अनुमानको राजश्व 079/2078 " तथा उक्त बजेटसँग सम्बन्धित (बजेट)सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहद्वारा प्रस्तुत भएको आर्थिक बर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) र उक्त बजेटसँग सम्बन्धित "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

विधेएक" को दफा २ देखि १९ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू विधेएकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस्

("हुन्छ" भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस्

("हुन्न" भनिसके पछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" को दफा २ देखि १९ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू सर्वसम्मतिले विधेएकको अंग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेएकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना :- प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजश्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन सम्वत् २०७८ साल साउन १ गते देखि सुदूरपश्चिम प्रदेशभर प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेएकको प्रस्तावना र नाम "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनिसके पछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतिले विधेएकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (५) बमोजिम आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" लाई सभाबाट पारीत गरीयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम ५ बमोजिम सुदुरपश्चिम प्रदेश सरकारको अर्थ सम्दन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको बिधेएक सभाबाट पारीत गरीयोस भनि प्रस्ताव पेश गर्दछु, धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म ,आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहद्वारा पेश भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न“ भन्नु होला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस्

(“हुन्छ” भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस्

(“हुन्न” भनिसके पछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ "सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेएक" सर्वसम्मतिले पारीत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब ,सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष २०७/४०७९ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित "आर्थिक वर्ष २०७/४०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (११) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहद्वारा प्रस्तुत भएको आर्थिक बर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) र उक्त बजेटसँग सम्बन्धित "आर्थिक वर्ष २०७८÷०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट

केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" को दफा २ देखि ११ सम्मका दफाहरू र सोसँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि २ सम्मका अनुसूचीहरू विधेएकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नु होला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस्

(“हुन्छ” भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस्

(“हुन्न” भनिसके पछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" को दफा २ देखि ११ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि २ सम्मका अनुसूचीहरू सर्वसम्मतिले विधेएकको अंग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेएकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना :- आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरू,

अब म, विधेएकको प्रस्तावना र नाम "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नु होला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

(“हुन्छ” भनिसके पछि )

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनिसके पछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतिले विधेएकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (१२) बमोजिम आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" लाई सभाबाट पारीत गरीयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केहि रकम बिनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक सुदुरपश्चिम प्रदेश सभा नियमावलि २०७४ को नियम १३३ को उपनियम १२ बमोजिम सभाबाट पारीत होस भनि प्रस्ताव पेश गर्दछु, धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म, आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहद्वारा पेश भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस्

("हुन्छ" भनिसके पछि )

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस्

("हुन्न" भनिसके पछि )

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक" सर्वसम्मतिले पारीत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

आजको बैठकको कारवाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७८ साल आषाढ १६ गते बुधबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।